*"मानव अधिकारको रक्षा र विकास जनताको सचेतन, जागरण र सङ्गठित आवाजबाट मात्र सम्भव छ ।"*

**– अथक मानव अधिकार योद्धा प्रकाश काफ्ले**



# 'प्रकाश मानव अधिकार पुरस्कार २०८०' का लागि नाम सिफारिस आह्वान

नेपालको मानव अधिकारवादी आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद निधन भएको ३२ वर्ष बितेको छ । श्रीलङ्कामा भएको मानव अधिकारसम्बन्धी एक कार्यक्रममा भाग लिएर काठमाडौं फर्कने क्रममा ०४९ साउन १६ गते उहाँ चढ्नु भएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुँदा उहाँको निधन भएको थियो ।

प्रकाश काफ्लेको जन्म २००९ साल पुस १२ गते सिन्धुली जिल्लाको नाङ्गेडाँडामा भएको थियो । २०२४ सालमा काठमाडौँको पद्मोदय माध्यमिक विद्यालयबाट एसएलसी पास गरेपछि उहाँले बीएसम्मको अध्ययन पूरा गर्नु भएको थियो ।

पञ्चायती हिंसा, दमन र उत्पीडनका विरुद्ध मानव अधिकारको बहालीका लागि मानव अधिकार संरक्षण मञ्चको तर्फबाट सक्रिय रहँदै आउनु हुने प्रकाश काफ्ले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सफल बनाउन निकै नै सक्रिय रहनु भयो । युरोप पुगेर नेपाल सहयोग समूह गठन गरी आन्दोलनको पक्षमा प्रचार अभियान चलाउनमा उहाँ सफल हुनु भयो ।

बहुदलीय व्यवस्थाको स्थापना पश्चात उहाँ ०१७ सालपछि बेपत्ता पारिएकाहरूको खोजबिन गर्ने आयोग, मानव अधिकार हनन् तथ्य सङ्कलन समिति, जनआन्दोलन पीडित उच्चस्तरीय समिति र प्रजातन्त्रका सेनानीहरूको नामावली संकलन समितिको सदस्य रहेर आफ्नो जिम्मेवारी सक्रियतापूर्वक पूरा गर्दै आउनु भएको थियो । २०४३ सालमा जनपक्षीय व्यक्तिहरू समेत उम्मेदवार भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन र २०४८ सालको संसदीय आम निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पर्यवेक्षण टोलीका तर्फबाट उहाँले खेल्नु भएको भूमिका अत्यधिक प्रशंसित रहन पुगेको थियो । उहाँको योगदानको कदर गर्दै २०५२ सालमा उहाँको चित्र अंकित हुलाक टिकट प्रकाशन भएको थियो ।

इन्सेकका संस्थापक महासचिव अथक मानव अधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिलाई चिरस्थायी राख्ने उद्देश्यले इन्सेकले ०५१ सालमा प्रकाश मानव अधिकार पुरस्कारको स्थापना गरेको हो । हरेक वर्ष मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील एकजना व्यक्तिलाई ५० हजार नगद रूपियाँ, सम्मान-पत्र तथा इन्सेकको प्रतीक चिह्न रहेको छ । हालसम्म यस पुरस्कारबाट बाल साहित्य तथा ग्रामीण पत्रकारिताका सर्जक विनयकुमार कसजु, मानव अधिकार आयोगका संस्थापक सदस्य डा. गौरी शंकरलाल दास, परोपकार संस्थाका संस्थापक दयावीर सिंह कंसाकार, महिलाको मताधिकारका लागि आवाज उठाउने बसन्तदेवी झा, कमैया मुक्ति आन्दोलनका लागि संघर्षरत् ऋषिराम थारु, ग्रामीण क्षेत्रमा रहेर स्वास्थ्य सेवा पुऱ्याइरहनु भएका डा. रुपचन्द्र विश्वकर्मा, हलिया तथा दलित आन्दोलनका अभियन्ता राजुराम भूल, रुकैया खातुनलगायत विभिन्न क्षेत्रमा आवाज बुलन्द गर्ने २९ जना व्यक्तित्व पुरस्कृत भइसक्नु भएको छ ।

यस पुरस्कारलाई अझ व्यवस्थित गर्ने उद्देश्यले पुरस्कार छनौट समिति गठन गरिएको छ । तपाईंको जानकारीमा रहेको उपयुक्त व्यक्तिलाई सिफारिस गर्नका लागि निम्न ढाँचामा विवरण भरी २०८१ असार १५ गतेभित्र तल दिइएको ठेगानामा पठाउनु हुन अनुरोध छ ।

*सिफारिस गरिएको व्यक्ति*

- मानव अधिकार तथा सामाजिक न्यायको अभियानमा निरन्तर क्रियाशील भई योगदान गर्नु भएको छ ।
- सीमान्तकृत समुदाय तथा स्थानको प्रतिनिधित्व गर्नुहुन्छ ।
- नैतिकवान र सदाचारी जीवनशैली अवलम्बन गर्नुभएको छ ।
- कुनै फौजदारी कसुर, बैङ्किग कसुर, भ्रष्टाचार र आर्थिक अपराध तथा मानवताविरोधी र युद्ध अपराधको आरोपी र अभियोजन लागेको छैन ।
- जातीय द्वेष तथा विभेद, यौन दुरुत्साहन, यौन हिंसा र अन्य नैतिक पतन हुने अपराधको आरोप र अभियोजन लागेको छैन ।

| *नाम* | *ठेगाना* | *उमेर* | *योगदान गरेको क्षेत्र/पारेको प्रभाव* | *विगतमा पाएको सम्मान/पुरस्कार* |
|---|---|---|---|---|
| | | | | |

**पुरस्कार सिफारिस गर्नुमा यहाँको रायः**

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

सिफारिस गर्नेको व्यक्ति/संस्थाको नामः पदः

ठेगानाः हस्ताक्षरः

संस्था भए छापसमेतः

**विवरण पठाउने ठेगाना**

hraward@insec.org.np